# रिब्दीकोट गाउँपालिका
खस्यौली , पाल्पा
प्रदेश नं :५

## सौंय सडक बत्ति आपूर्ति तथा जडान सम्बन्धि सिलबन्दी बोलपत्र आव्हानको सूचना
( प्रथम पटक प्रकाशित मिति २०७५/०२/१५)
( दोस्रो पटक प्रकाशित मिति २०७५/०३/०१)

रिब्दीकोट गाउँपालिका कार्यालयको चालु आ.व. २०७४/७५ का लागि स्वीकृत बजेट तथा वैकल्पिक उर्जा प्रवद्न केन्द्र संगको साझेदारी कार्यक्रम अन्तर्गत तपसिल वमोजिमको सौर्य सडक बत्ती जडान कार्य सिलबन्दी बोलपत्रबाट गराउनु पर्ने भएकोले सम्बन्धित निकायबाट ईजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१ . सिलबन्दी बोलपत्र पुस्तिका मिति २०७५/०३ /०७ गते सम्म कार्यालय समयभित्र कम्पनी वा फर्म सञ्चालकको नागरिकताको प्रतिलिपि, आ.व.०७४/०७५ को लागि नविकरण भएको इजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र तथा आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाण पत्रहरुको प्रतिलिपि एक/एक प्रति संलग्न राखी निवेदनसाथ तोकिए बमोजिमको बोलपत्र दस्तुर वापत रु १००० (पछि फिर्ता नहुने गरी) नगदै बुझाई रिब्दीकोट गाउँपालिका कार्यालयबाट कम्पनी वा फर्म सञ्चालक आफै वा निजको वारेसनामा लिई आउने व्यक्तिले खरीद गर्न सक्नेछ ।

२.खरीद भएका बोलपत्रहरु सिलबन्दी गरी मिति २०७५/०३ /०८ गते दिनको १२.०० बजे भित्र यस कार्यालयको नाममा संबोधन गरी ठेक्का नं.०७-०७४ /०७५ कामको विवरण, बोलपत्रदाताको नाम र ठेगाना स्पष्टसंग खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहा छाप गरी यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ ।

३.म्याद र समयभित्र दर्ता भएका सिलबन्दी बोलपत्रहरु मिति २०७५/०३/०८ गते दिनको ०२.०० बजे रिब्दीकोट गाउँपालिकाको कार्यालयमा खोलिनेछ । सिलबन्दी बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र दाखिला वा खोल्ने दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र दाखिला र खोल्ने कार्य हुनेछ ।

४.रीत नपुगी वा म्याद नाघि आएको र शर्त सहितको बोलपत्रलाई मान्यता दिइने छैन । बोलपत्रसाथ धरौटी वापत तोकिए बमोजिमको रकम रा.वा.वैंक पाल्पा शाखामा रहेको यस गाउँपालिकाको धरौटी खाता नं. 3030303007110 मा जम्मा गरेको सक्कल बैक भौचर पेश गर्नुपर्नेछ ।

५.बोलपत्रमा दररेट उल्लेख गर्दा आइटम अनुसार अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएकोमा स्पष्टसंग दस्तखत र छाप भएको हुनु पर्नेछ ।

६ .कुनै कारण जनाई वा नजनाई सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. प्रकाशित सूचना र टेण्डर डकुमेण्टका कुनै शर्त बाझिन गएमा सूचनामा प्रकाशित शर्त मान्य हुनेछ ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम. | ल.ई. रकम -(भ्याट सहित) | धरौटी रकम |
|---|---|---|---|---|
| १ | ०७-०७४/०७५ | सौर्य सडक बत्ति आपुर्ति तथा जडान कार्य । | रु .१२३८०५५ | रु ३०९५१.३७५ |

प्रमुख प्रशासकीय अधिकृत